नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ९९ २०७८ साल कात्तिक २६ गते शुक्रबार (12 Nov. 2021 Friday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु सम्मेलनमा नेपालको.. ३ पृष्ठमा : जनगणना: राष्ट्र-निर्माणको ... ३ पृष्ठमा ज़लवायु परिवर्तनसम्बन्धी ...

# संघीयतालाई जोगाउन र संस्थागत गरी अगाडी बढ्नु नै प्रदेश सरकारको मुख्य प्राथमिकता : अर्थमन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**
प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले संघीयतामाथि चौतर्फी प्रहार भइरहेको भन्दै ती आक्रमणबाट संघीयतालाई जोगाउन र संस्थागत गरी अगाडी बढ्नु नै प्रदेश सरकारको मुख्य प्राथमिकता रहेको बताएका छन् ।

विहिवार प्रेस मञ्च सप्तरीले राजविराजमा आयोजना गरेको 'छठ तथा समाचकेवा पर्वको शुभ अवसरमा शुभकामना आदान प्रदान एवम् सम्मान कार्यक्रम'मा बोल्दै उनले यस्तो बताएका हुन् ।

विभिन्न आन्दोलनमा जनताले दिएको वलिदानीबाट आएको संघीयतालाई संस्थागत गर्दै समृद्ध प्रदेश बनाउनेतर्फ दिसामा प्रदेश सरकारले कार्य गरिरहेको मन्त्री साहको भनाई छ । संघीयतालाई संस्थागत गर्नमा सञ्चारकर्मीको महत्वपूर्ण भुमिका रहेकोले यसप्रति संचारकर्मीहरु चनाखो हुनु आवश्यक रहेको उनले भने ।

सञ्चार क्षेत्रमा रहेको समस्यालाई समाधान गर्न प्रदेश सरकार अग्रसर रहेको उनले बताए । 'सञ्चार क्षेत्रकै समस्या समाधानका निम्ति हामीले मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरण गठन गर्यौं तर कर्मचारी अभावका कारण प्रदेश सरकारले सोचेअनुसारको काम गर्न सकेका छैनौं' उनले भने-'ती दुवै निकायमा कर्मचारी परिपूर्ति गरी सञ्चार क्षेत्र र सञ्चारकर्मीको हकहित संरक्षण गर्नेतर्फ कार्यहरु अघि बढ्नेछ ।'

प्रेस मञ्च सप्तरीका अध्यक्ष वृजमान तामाङको अध्यक्षतामा आयोजना गरिएको कार्यक्रममा मिडिया कान्सिलका अध्यक्ष शिवहरि प्रसाद भट्टराई, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, प्रेस मञ्चका महासचिव अवधेश झा, केन्द्रीय सदस्य चन्दन यादव, राजविराज नगरपालिकाका नगर प्रमुख शम्भु

***बाँकी अन्तिम पृष्ठमा***

## ९५ डिएसपीको सरुवा

काठमाडौं, २५ कात्तिक (रासस) ।
प्रहरी प्रधान कार्यालयले बिहीबार विभिन्न क्षेत्रमा कार्यरत ९५ प्रहरी नायब उपरीक्षकको सरुवा गरेको छ ।

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको बिहीबारको निर्णयानुसार उपत्यकासहित विभिन्न जिल्लामा कार्यरत प्रहरी उपरीक्षकको सरुवा गरिएको प्रहरीको मानव स्रोत तथा प्रशासन विभागले सूचना जारी गरी जनाएको छ ।

नेपाल प्रहरी सिंहदरबार सुरक्षा गणमा अनन्तराम शर्मा, प्रहरीवृत्त कालीमाटीमा अनिलकुमार घिमिरे, नगर प्रहरी कार्यालय काठमाडौँमा कौशलकुमार बुढाथोकी, प्रहरीवृत्त बालाजुमा गौतम मिश्र र प्रहरीवृत्त थानकोटमा

***बाँकी अन्तिम पृष्ठमा***

# सूचना । सूचना ॥ सूचना ।।।

यस सप्तरी उद्योग बाणिज्य संघ, सप्तरी शाखाको एघारौं शाखा अधिवेशन तथा साधारण सभाबाट गठन हुने नयाँ कार्य समितिको लागि मिति २०७८।८।४ गते सम्पन्न हुने निर्वाचन तपसिलका कार्यक्रम अनुसार हुने सम्बन्धित सबैमा यसै सुचना द्वारा जानकारी गराइएको ब्यहोरा अनुरोध गरिन्छ ।

**तपसिल**

| क.सं. | मिति | कार्यक्रम | समय |
|---|---|---|---|
| १. | २०७८।७।२२ | मतदाता नामावली प्रकाशन | दिनको ११ बजे |
| २. | २०७८।७।२३ | मतदाता नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ३. | २०७८।७।२३ | अन्तिम मतदाता नामावली प्रकाशन | बेलुकी ५ बजे |
| ४. | २०७८।७।२६ | उम्मेदवारी दर्ता | दिनको १० बजेदेखि ४ बजेसम्म |
| ५. | २०७८।७।२६ | उम्मेदवारको नामावली प्रकाशन | दिनको ५ बजे |
| ६. | २०७८।७।२८ | उम्मेदवारको नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ७. | २०७८।७।२८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| ८. | २०७८।७।२९ र ३० | उम्मेदवारको नाम फिर्ता | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ९. | २०७८।७।३० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| १०. | २०७८।८।४ | मतदान (स्थल-के.अ.मा.बि.) | दिनको १० बजेदेखि ४ बजेसम्म |

११. **निर्वाचन हुने पदहरुको बिवरण निम्न बमोजिम रहेको छ ।**
(क) अध्यक्ष-१ (एक) जना
(ख) उधोग उपाध्यक्ष-१ (एक) जना
(ग) बाणिज्य उपाध्यक्ष-१ जना (एक) जना
(घ) महासचिव-१ (एक) जना
(ङ) सचिव-१ (एक) जना
(च) कोषाध्यक्ष-१ (एक) जना
(छ) सह-कोषाध्यक्ष-१ (एक) जना
(ज) सदस्य-६ (छ) जना
(झ) महिला सदस्य-१ (एक) जना

१२. प्रमाणित मतदाता नामावली लिन चाहने ईच्छुकले सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा रु.४००।-(चार सय) जम्मा गरी लिनु पर्ने गरी ब्यवस्था मिलाइएको छ ।

१३. निर्वाचनमा सहभागी हुने मतदाता वा उम्मेदवारले नेपाल सरकारबाट जारी गरिएको आफ्नो परिचय स्पष्ट खुल्ने वा देखिने प्रमाणहरु (फर्म दर्ता प्रमाण-पत्र, भ्याट वा प्यानको प्रमाणपत्र वा नागरिकता प्रमाण-पत्र) अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

१४. मतदान बाहेक निर्वाचनको सम्पूर्ण कार्यक्रम सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा नै हुने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

**राम कुमार यादव**
**संयोजक**
**निर्वाचन समिति**
**उधोग वाणिज्य संघ, सप्तरी**



# जलवायु सम्मेलनमा नेपालको उपस्थिति र विश्व समुदायले देखाएको हार्दिकता

काठमाडौँ, २५ कात्तिक (रासस) ।

प्रधानमन्त्री शेरबहादुर देउवाले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनअन्तर्गतको 'वर्ल्ड लिडर समिट'का क्रममा संयुक्त अधिराज्य (बेलायत)मा पाएको उच्च सम्मान, विश्वका शक्तिशाली देशका नेताहरूसँगको भेटवार्ता र मुलुकका तर्फबाट राख्नुभएको स्पष्ट धारणाबाट नेपालको कूटनीतिक तथा परराष्ट्र सम्बन्धमा ठूलो उपलब्धि हासिल भएको छ ।

त्यस सम्मेलनका क्रममा भएका उच्चस्तरीय साइडलाइन वार्ताहरू, प्रधानमन्त्री देउवाले देखाउनुभएको आत्मविश्वास तथा परिपक्व व्यवहारका साथै सम्मेलनमा नेपालले गरेको वृहत् तयारीका कारण उहाँसँगै नेपालको एजेण्डाले समेत विश्वको ध्यानाकर्षित गर्न सफल भएको विश्लेषकहरूको भनाइ छ । यसबाट मुलुकको अन्तर्राष्ट्रिय छवि थप उजिल्याएको पनि महसुस गरिएको छ ।

प्रधानमन्त्री देउवाले स्कटल्याण्डको ग्लास्गोमा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्ष राष्ट्रको २६औँ सम्मेलन (कोप-२६) अन्तर्गतको विश्व नेताहरूको शिखर सम्मेलनमा सहभागी हुने क्रममा यही कात्तिक १२ देखि १८ गतेसम्म संयुक्त अधिराज्यको भ्रमण गर्नुभएको थियो । यो बहुपक्षीय अन्तर्राष्ट्रिय सम्मेलनलाई उहाँले नेपालका तर्फबाट विश्वसामु आफ्ना धारणाहरू प्रस्तुत गर्ने मञ्चका रूपमा राम्रैसँग सदुपयोग गरेको देखिएको छ ।

कात्तिक १५ र १६ गते आयोजना गरिएको विश्व नेताहरूको शिखर सम्मेलनको पहिलो दिन नै प्रधानमन्त्री देउवाले बेलायतका प्रधानमन्त्री बोरिस जोनसन, संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेन, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विभिन्न अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तित्वहरूसँग भेटवार्ता गर्नुभएको थियो । भेटवार्तामा उहाँले पाउनुभएको महत्व मुलुककै लागि गौरवको विषय हो । सोही दिन प्रधानमन्त्री देउवाले सम्मेलनमा नेपालका तर्फबाट सम्बोधन गर्नुभएको थियो ।

जलवायु सम्मेलनमा अन्तर्राष्ट्रिय जगत् र विशेषगरी आयोजक राष्ट्र बेलायतले नेपाल र नेपालका प्रधानमन्त्रीलाई दिएको महत्व विशेष खालको थियो । बेलायती प्रधानमन्त्री जोनसन र स्कटल्याण्डका सरकार प्रमुखले सम्मेलनको दोस्रो दिन सहभागी झण्डै १२० देशका राष्ट्र प्रमुख र सरकार प्रमुखमध्ये केही सीमित देश (२१ देश)का राष्ट्र प्रमुख र सरकार प्रमुखका लागि आयोजना गर्नुभएको 'ब्रेकफाष्ट मिटिङ' मा नेपालका प्रधानमन्त्रीलाई निमन्त्रणा गर्नु पनि नेपालप्रतिकै सम्मान हो ।

सो अवसरमा प्रधानमन्त्री जोनसनले नेपाललाई मञ्चमा राखेर प्यानलिष्टका रूपमा स्थान दिनुभएको थियो । प्रधानमन्त्री देउवाले वन तथा भू-उपयोग व्यवस्थापनसम्बन्धी उच्चस्तरीय कार्यक्रमलाई प्रतिष्ठित प्यानलिष्टका रूपमा सम्बोधन गर्दै स्वेच्छिक कार्बन बजार र उत्सर्जन घटाउने वन औजारमा नेपालको चासो रहेको धारणा व्यक्त गर्नुभएको थियो । सम्मेलनमा नेपाल जलवायुबाट पीडित राष्ट्र हो भन्ने कुरा नेपालले मुखरित गरेको छ भने नेपालले जलवायु असरसँग जुध्न सरकार र जनताको तर्फबाट प्रयत्न गरेको छ भन्ने कुरालाई पनि विश्व समुदायले स्वीकार गरेको थियो ।

प्रधानमन्त्री देउवासँग बेलायतका चार मन्त्रीले शिष्टाचार र द्विपक्षीय भेटवार्ता गर्नुलाई पनि आयोजक राष्ट्र बेलायतले दिएको महत्वका रूपमा दर्शाउन सकिन्छ । बेलायतका रक्षामन्त्री बेन वालेस र अन्तर्राष्ट्रिय व्यापारमन्त्री एनी-मैरी ट्रेवेलयन, दक्षिण एसिया हेर्ने पराराष्ट्र राज्यमन्त्री लर्ड अहमद र 'स्मल विजिनेश तथा इण्डष्ट्रिज' हेर्ने राज्यमन्त्री पल स्कलीले प्रधानमन्त्री देउवासँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो ।

रक्षामन्त्री वालेससँग सौहार्दरूपमा भेटवार्ता हुनुका साथै भूतपूर्व गोर्खा सैनिकका मुद्दाका बारेमा गम्भीर छलफल भएको थियो । प्रधानमन्त्री देउवाले ब्रिटिश गोर्खासम्बन्धी मुद्दा पुरानो भएको भन्दै यसको दिगो समाधान गर्न आग्रह पनि गर्नुभएको थियो । त्यस वार्ताका क्रममा द्विपक्षीय वार्ता समिति गठन गरेर उक्त मुद्दा टुङ्ग्याउने सहमति पनि भएको छ ।

**बेलायती प्रधानमन्त्री जोनसनलाई नेपाल भ्रमणको निमन्त्रणा**

प्रधानमन्त्री देउवाले आफ्ना बेलायती समकक्षी बोरिस जोनसनलाई नेपाल भ्रमणको निमन्त्रण दिनुभएको छ । मन्त्री वालेस प्रधानमन्त्री जोनसनका विश्वासपात्र मानिन्छन् । अन्तर्राष्ट्रिय व्यापारमन्त्री ट्रेवेलयनसँगको भेटमा प्रधानमन्त्री देउवाले बेलायतसँगको व्यापारमा नेपाललाई पनि आवद्ध गर्न आग्रह गर्नुका साथै नेपालको व्यापार क्षमता बढाउने र नेपाली उत्पादनलाई बेलायतमा सहज पहुँच दिलाउने विषयमा पनि कुरा भएको थियो ।

यसबाहेक बेलायतको नेपालका लागि सर्वदलीय संसदीय समूहले प्रधानमन्त्री देउवाको सम्मानमा रात्रिभोजको आयोजना गर्नु पनि अर्को एक महत्वपूर्ण कार्यक्रम हो । त्यसमा पनि बेलायतका दुवै सदन हाउस अफ कमन्स र हाउस अफ लर्डस्का सत्तारुढ र प्रमुख विपक्षी दलका डेढ दर्जन सांसदलगायत स्थानीय सरकारका प्रमुखहरूको समेत उपस्थिति थियो । यसलाई नेपालका प्रधानमन्त्री र नेपालको संसदीय विकासक्रमप्रति बेलायती सांसदहरूको उच्च सम्मान रहेको छ भन्न सकिन्छ ।

संयोगवश, प्रधानमन्त्री देउवाले बेलायतबाटै उच्च शिक्षा हासिल गर्नुभएको हो । आफ्नो देशमा उच्च शिक्षा हासिल गरेको व्यक्ति नेपालको पाँचौँपटक प्रधानमन्त्री भएर त्यही देशको भ्रमण गरिरहँदा बेलायतीहरूले बढी महत्व दिएको हुनसक्ने अर्थका रूपमा पनि लिन सकिन्छ ।

यसैगरी स्कटल्याण्डको रोयल बोटानिकल गार्डेनमा प्रधानमन्त्री देउवाको सम्मानमा स्टकल्याण्डका मन्त्री र सांसदसहितले आयोजना गर्नुभएको स्वागत कार्यक्रम पनि अविष्मरणीय छ । प्रधानमन्त्री देउवा त्यहाँस्थित नेपाली बगैँचामा बिरुवा रोप्ने पहिलो प्रधानमन्त्री हुन पाउनु पनि अर्को महत्वको विषय हो । यहाँ स्मरणीय के छ भने नेपाल र बेलायतको सम्बन्ध वनस्पतिबाट सुरु भएको भन्न सकिन्छ । बेलायती नागरिक फ्रान्सिस बुखानन हेमिल्टनले २१६ वर्षअघि नै नेपालका वनस्पतिको अध्ययन गरेर सोबारेमा पुस्तक प्रकाशन गर्नुका साथै केही वनस्पतिका नमूनाहरू अहिले पनि सो गार्डेनको सङ्ग्राहलयमा सुरक्षित छन् । नेपाल र बेलायतबीचको कुटनीतिक सम्बन्ध स्थापना भएको २०५ वर्ष पुगेको छ । तत्कालीन राजा महेन्द्रले पनि विसं २०१७ मा बेलायतको भ्रमण गर्दा सो बगैँचामा बिरुवा रोपेको देखिन्छ । राजा महेन्द्रको बेलायतको उक्त भ्रमणपछि नै बेलायतको सहयोगमा काठमाडौँको गोदावरीमा वनस्पति उद्यान स्थापना गरिएको थियो ।

**भारतीय समकक्षी मोदीसँगको ऐतिहासिक भेटवार्ता**

प्रधानमन्त्री देउवाले जलवायु शिखर सम्मेलनको साइडलाइनमा गरेका भेटवार्ता पनि उत्तिकै महत्वपूर्ण छन् । सोही अवसरमा प्रधानमन्त्री देउवाको भारतीय समकक्षी नरेन्द्र मोदीसँगको द्विपक्षीय भेटवार्ता वर्तमान सरकार बनेपछिको एक महत्वपूर्ण कूटनीतिक उपलब्धि हुनसक्छ । प्रधानमन्त्री मोदीसँगै भेटवार्तामा भारतीय परराष्ट्रमन्त्री एस जयशङ्कर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोबल, परराष्ट्र सचिव हर्षवर्द्धन श्रृंगलासमेत सहभागी हुनुहुन्थ्यो ।

प्राथमिकताका साथ सौहार्दरूपमा भएको भेटवार्तामा प्रधानमन्त्री मोदीले सदासयतापूर्वक प्रधानमन्त्री देउवाका कुरा सुनेपछि आफू आपसी सहयोगका लागि तयार रहेको बताउनुभएको थियो । द्विपक्षीय मुद्दाका सम्बन्धमा छलफल गरेर समाधान गर्ने विषयमा कुरा भएको थियो । यसबाहेक श्रीलङ्काका राष्ट्रपति

*बाँकी तीन पृष्ठमा*

## बलान बिहुल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मल्हनियाँ, सप्तरी
प्रदेशनं.२, नेपाल

पत्र संख्या :-२०७८/०७९
चलानी नं. :-५३६ (२व)
मिति :- २०७८/०७/२६

बिषय :- बोलपत्र स्वीकृत सम्बन्धमा ।

**Shyama Construction**

**Jamuni Madhepura-3, Saptari**

यस गाउँ कार्यपालिकाको कार्यालयको ठेक्का नं.BBRM-NCB-G-02-078-079 मा गाउपालिकाको विभिन्न वाडाहरुमा माटो ग्राभेल मर्मत सम्भार लागि यस कार्यालयबाट आह्वान भएको वोलपत्र सम्बन्धमामिति २०७८/०६/१३ को यस कार्यालयको निर्णय अनुसार "न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही"भएको तपाई श्री श्यामा कन्स्टक्शन,जमुनी मधेपुरा-०३, सप्तरी को वोलपत्र रकम रु. २५,०८,०२२।०० (भ्याट बाहेक) अक्षरेपी रु.पचिस लाख आठ हजार बाइस रुपैया मात्र कबोल अंक कायम गरी स्वीकृत भएको व्यहोरा सहर्ष जानकारी गराउदछौं । १,२५,०००।-

उक्त कवोल रकमको ५ प्रतिशतले हुने रु. ~~२,४१,०००।००~~ अक्षरेपी रु. ~~दुइ~~ एक लाख ~~एकचालिस~~ पच्चिस हजार मात्र लक्ष्मी बैंक लि. बलान बिहुल स्थित रहेको यस कार्यालयको धरौटी खाता.नं. ९१०३०००१९१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको कम्तिमा १ (एक) वर्षकालागि मान्य अवधि भएको कार्य सम्पादन जमानत (Performance Security)पत्र संलग्न राखी १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गरी सम्झौता गर्न आउनु होला । उपरोक्त वमोजिम कार्य सम्पादन जमानत पेश नगरी सम्झौता नगर्नु भएमा तपाईले वोलपत्र साथ पेश गरेको जमानत जफत गरी नियमानुसार गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

..........................
मो. नसिम राईन
प्रमुख प्रशासकीय अधिकृत

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनगणना: राष्ट्र-निर्माणको महाअभियान

काठमाडौं, २५ कात्तिक (रासस)।

मुलुक सङ्घीय संरचनामा गएपछिको पहिलो राष्ट्रिय तथ्याङ्क सङ्कलन (बाह्रौँ राष्ट्रिय जनगणना-२०७८) बिहीबार राष्ट्रप्रमुख विद्यादेवी भण्डारीका परिवारको विवरण सङ्कलन गरी सुरुआत गरिएको छ।

आधारभूत तथ्याङ्क सङ्कलनको प्रमुख माध्यम मानिने जनगणना मुलुक निर्माणका लागि एक महाअभियानकै रूपमा लिइन्छ। दिगो विकास लक्ष्य प्राप्त गर्नका साथै अधिकार तथा प्रतिनिधित्वको सुनिश्चितता गर्न तथा अध्ययन, अनुसन्धान, विकास निर्माणका काम तथा योजना/परियोजना सञ्चालनका लागि समेत जनगणना महत्वपूर्ण आधार हो। यसको नारा नै 'मेरो गणना, मेरो सहभागिता' राखिएको छ।

राष्ट्रपति भण्डारीले एक सन्देश जारी गर्दै बिहीबारदेखि प्रारम्भ भएको राष्ट्रिय जनगणनाको सफलताको कामना गर्दै यथार्थ विवरण टिप्ने र टिपाउने कार्यमा योगदान गर्न जनप्रतिनिधि, सामाजिक सङ्घसंस्था एवं सम्बद्ध सबैमा आह्वान गर्नुभएको छ। मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिकलगायत सर्वाङ्गीण विकासको आवश्यक आधारभूत विवरण जनगणनाबाट मात्रै प्राप्त गर्न सकिने भएकाले त्यस्ता कर्यक्रम सफल बनाउन जनगणनाका विवरण यथार्थ, सत्य र तत्थपरक हुनु पनि उत्तिकै जरुरी हुन्छ।

नेपालको संविधान २०७२ धारा २८१ मा "विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन : नेपाल सरकारले प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनासँगै महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकाङ्कको आधारमा समीक्षा तथा पुनरावलोकन गर्नेछ" भनी उल्लेख गरेको छ।

समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा निर्वाचनका लागि पनि दलहरूले उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, आदिवासी, जनजाति, दलित, खस-आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएका क्षेत्रसमेतबाट प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था छ। यस्तै निर्वाचन क्षेत्र निर्धारण गर्दा समेत जनसङ्ख्यालाई नै प्रमुख आधार मानिएकाले पनि जनगणनाको महत्व कति छ भनेर आफैँ पनि छुट्याउन सकिन्छ। यसरी हेर्दा हरेक जात, धर्म, समुदायको अधिकार सुनिश्चितताका लागि पनि जनसङ्ख्या आधारभूत विषय भएर जोडिएको छ।

तीनै तहका सरकारले कार्यक्रम सञ्चालन (नीति, कार्यक्रम, योजना, अनुगमन, मूल्याङ्कन, वर्ग पहिचान) गर्दा र त्यसमा आइपर्ने समस्या समाधानका लागि चाहिने आधार भनेकै जनगणनाका विवरण नै हुन्। त्यसैले संविधानमा रहेको मौलिक हक कार्यान्वयन, लोककल्याणकारी नीति, योजना तथा कार्यक्रम बनाउने महत्वपूर्ण सूचना जनगणना भएकाले पनि यसलाई राष्ट्र निर्माणको महा-अभियानका रूपमा लिनुपर्ने हुन्छ।

जनगणना जनसाङ्ख्यिक तथ्याङ्कमात्रै होइन त्यसको प्रवृत्ति र बनावट तथा विभिन्न सूचक पनि हो। यसमा घरपरिवारको सामाजिक-आर्थिक अवस्थाको चित्रण हुने हुँदा यसलाई हरेक १०/१० वर्षमा गरिने ऐतिहासिक कार्यको रूपमा बुझ्नुपर्ने हुन्छ। बिहीबारदेखि आउँदो मङ्सिर ९ गतेसम्म हुने जनगणनाका लागि सामाजिक, आर्थिक, भौगोलिक, भौतिक पूर्वाधार र अन्य पक्ष समेटिने गणनाका लागि केन्द्रदेखि वडास्तरसम्मका समन्वय संरचना तयार गरिएको तथ्याङ्क विभागले जनाएको छ। यसअघि नै विभागले घर तथा घरपरिवार लगत सूचीकरण कार्य सम्पन्न गरिसकेको छ।

विभाग राष्ट्रिय योजना आयोग मातहत रहेको तथ्याङ्क विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठ संविधानमा विभिन्न जाति, भाषा, लिङ्ग, धर्म, वर्ग, क्षेत्र, अपाङ्गता भएकालगायत सबै पक्षको अधिकार सुनिश्चित गरिएकाले जनगणनाले त्यसै प्रकारको तथ्याङ्क ल्याउने जिकिर गर्नुहुन्छ।

जनगणनाले दिगो विकास लक्ष्य, समृद्धि र सुशासनका आधारका लागि तथ्याङ्क सङ्कलन गर्नेछ। संविधानमा राष्ट्रिय जनगणनाको तथ्याङ्कलाई विकास निर्माणसँग जोड्नुपर्ने व्यवस्था गरिएको छ। विभागले तयार पारेको मुख्य प्रश्नावलीमा आर्थिक काम, पेशा, वस्तु वा सेवाको उत्पादनअनुसारको विवरण, परिवारमा खानेपानी, इन्धन, सञ्चार साधन, महिलाका नाममा सम्पत्ति, घरेलु व्यवसाय, मातृ मृत्युदरलगायतका विषय जोडिएका छन्।

नेपालमा हरेक १०/१० वर्षमा एकपटक राष्ट्रिय जनगणना हुने गरेको छ। मुलुकमा पहिलो जनगणना १०९ वर्षअघि विसं १९६८ मा चन्द्रशमशेर राणा प्रधानमन्त्री भएका बेला थालनी भएको थियो। यो क्रम अहिले अझै वैज्ञानिकरूपमा सञ्चालन भइरहेको छ। विसं २०६८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या दुई करोड ६५ देखाएको थियो। नेपालको वार्षिक जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत थियो भने पुरुष-महिला अनुपात ९४.२ थियो। वृद्धिदर अहिले पनि कायमै रहेको अनुमान गरिन्छ। त्यसैले १० वर्ष एकपटक आउने महाअभियान एउटा कार्यक्रम मात्रै नभई राष्ट्र निर्माणको आधार भएकाले सही विवरण उपलब्ध गराई आफ्ना छरछिमेक तथा परिचितलाई समेत सही विवरण टिपाउन सबैले सहयोग गर्नुपर्छ।

उपराष्ट्रपति नन्दबहादुर पुनले पनि एक सन्देशमार्फत राष्ट्रिय जनगणनामा सक्रिय सहभागी हुन सबै देशवासीलाई अनुरोध गर्नुभएको छ। बाह्रौँ राष्ट्रिय जनगणना-२०७८ प्रारम्भको अवसरमा उहाँले राष्ट्रिय उत्सवका रूपमा सुरु भएको यस राष्ट्रिय अभियानलाई सफल बनाउनुपर्नेमा जोड दिनुभएको छ।

जनगणना तथ्याङ्क प्रणालीको मेरुदण्ड र विकासको आधार भएकाले जनताको जीवनस्तर, कूल जनसङ्ख्या, जातीय, भाषिक, धार्मिक समुदाय तथा भौगोलिक अवस्थिति यसैबाट प्राप्त हुने छ। जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा नै विकास निर्माणका योजना तर्जुमा, सामाजिक सुरक्षा कार्यक्रम तय, शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता संविधान प्रदत्त जनताका मौलिक हक-अधिकार तथा आधारभूत आवश्यकता पूरा गर्न आवश्यक पर्ने स्रोतको आकलन गरिन्छ। त्यसैले यो सरकारको मात्रै कार्यक्रम नभएर आम जनताको आवश्यकता र अधिकार पनि हो।

लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान जारी भएपछिको पहिलो जनगणना भएकाले पनि राष्ट्रिय जनगणनाको विशिष्ट महत्व रहेको छ। हामीले घरआँगनमा आउने गणकलाई निर्धक्क आफ्नो सत्यतथ्य विवरण उपलब्ध गराई सहयोग गर्नुपर्छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले पनि जनगणना प्रारम्भ भएको अवसरमा गणकलाई सही विवरण उपलब्ध गराई सहयोग गर्न देशवासीलाई आह्वान गर्नुभएको छ। उहाँले पनि सन्देश जारी गर्दै राष्ट्रको नीति निर्माणका लागि अपरिहार्य सूचना सङ्कलन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सबैमा अनुरोधसमेत गर्नुभएको छ।

जनगणनाले व्यक्तिको गणना मात्र नगरी देश विकासको समग्र मार्गचित्र पनि तय गर्छ। देश विकासका लागि उपयुक्त नीति निर्माण गर्न आवश्यक सूचनाका आधारस्तम्भका रूपमा राष्ट्रिय जनगणनालाई लिइने भएकाले सबैको सक्रिय सहभागिता अपरिहार्य छ। विगतमा हामी कुन अवस्थामा थियौँ, अहिले कुन अवस्थामा छौँ र भोलिको उज्ज्वल भविष्य निर्माणका लागि के गर्नुपर्दछ भन्ने कुरा थाहा पाउनका लागि पनि जनगणनाका विवरण महत्वपूर्ण हुनजान्छ।

प्रमुख सत्ताघटक दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', सत्ता गठबन्धन दल नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलगायत विभिन्न राजनीतिक दलका प्रमुखहरूले समेत सन्देश जारी गर्दै बहुआयामिक महत्वको राष्ट्रिय जनगणनालाई सफल बनाउन देशवासीमा आह्वान गर्नुभएको छ।

उहाँहरूले जनगणनाले राष्ट्रिय निर्वाचनमा प्रतिनिधित्व प्रणालीलाई प्रभाव पार्ने हुँदा यस अभियानमा सहयोग गर्न उहाँहरूले पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन पनि दिनुभएको छ। यस्तै सङ्घीय मन्त्री, प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरूले पनि सन्देशमार्फत राष्ट्रिय विकासको मेरुदण्ड जनगणनालाई चुस्तरूपमा सफल बनाउनुपर्नेमा जोड दिनुभएको छ।

सबै व्यक्तिको विस्तृत विवरण सङ्कलन गर्न करिब ४० हजार गणक र आठ हजार ५०० सुपरिवेक्षक परिचालन गरिएको छ। जनगणना सफल बनाउन केन्द्रदेखि वडा तहसम्म विभिन्न जनगणना समन्वय तथा सहजीकरण समिति गठन गरिएको विभागका महानिर्देशक श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार जनगणना सञ्चालन गर्न सात प्रदेशमा जनगणना कार्यालयसहित ८७ जिल्ला जनगणना कार्यालय र त्यसअर्न्तगत ३४९ स्थानीय जनगणना कार्यालय स्थापना भएका छन्।

जनगणनाको फाराममा ८० वटा प्रश्नावली रहेका छन्। यस क्रममा देशभरका छ हजार ७४३ वडाबाट आधारभूत आर्थिक, सामाजिक, सेवा, सुविधा, पूर्वाधार र विपद् अवस्थाको समेत जानकारी सङ्कलन गरी सामुदायिक प्रश्नावली भरिने र यसबाट सम्पूर्ण वडाको वास्तविक जानकारी पाउन सकिने जनाइएको छ। यसपालि कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा जनगणना गर्न परराष्ट्र मन्त्रालयमार्फत भारतसँग कूटनीतिक तवरबाट पहल भइरहेको र स्याटेलाइट प्रविधिबाट घरधुरी गणना गरी त्यसका आधारमा पनि जनगणना गर्न सकिने विभागको भनाइ छ।

### जलवायु ...

गोटाबय राजपाक्षे र मङ्गोलियाका राष्ट्रपति उखना खुरेलसुख्सँग द्विपक्षीय भेटवार्ता भएको थियो। प्रधानमन्त्री देउवासँग होन्डुरस र सुरिनामका राष्ट्रपतिले पनि साइडलाइन भेटवार्ता गर्नुभएको थियो।

अन्तर्राष्ट्रिय समुद्री सङ्गठनका महासचिव किटैक लिमले पनि प्रधानमन्त्री देउवासँग शिष्टाचार भेट गरी समुद्री क्षेत्रमा नेपालीलाई रोजगारीका नयाँ अवसर प्रदान गर्न सकिने सन्दर्भमा कुरा गर्नुभएको थियो। प्रधानमन्त्री देउवासँग विश्व बैंक समूहका प्रबन्ध निर्देशक मारी पाङ्गेष्टुले भेटवार्ता गरी नेपाललाई हरित विकास, जलवायुजन्य असर र कोभिड-१९ रोकथाममा सहयोग गर्नेलगायत विषयमा छलफल गर्नुभएको थियो। त्यस्तै मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)की डेपुटी सिइओ एलेक्सिया लाटोर्टुले प्रधानमन्त्री देउवासँग भेट गरी नेपाललाई प्रदान गरेको एमसिसी कम्प्याक्ट अनुदानका विषयमा छलफल गर्नुभएको थियो।

प्रधानमन्त्री देउवा बेलायतमा रहँदा उहाँसँग बेलायत-नेपाल समाजका प्रतिनिधि, गैरआवासीय नेपाली सङ्घ र बेलायतमा बसोबास गर्ने नेपाली समुदायका प्रतिनिधिहरूले पनि भेटनुभएको थियो। उहाँको सम्मानमा लण्डनस्थित नेपाली दूतावासले आयोजना गरेको स्वागत समारोहमा प्रधानमन्त्री देउवा सहभागी हुनुभएको थियो। उहाँले भूतपूर्व गोर्खा सङ्गठनका प्रतिनिधि, बेलायती संसद्का सदस्य र अन्य नेपाली प्रवासी सदस्यहरूले समेत भेटवार्ता गर्नुभएको थियो।

सम्मेलनलाई नेपालले जलवायु परिवर्तनका चुनौती सामना गर्न अन्तर्राष्ट्रिय समन्वय र सहकार्यका लागि महत्वपूर्ण अवसरको रूपमा लिएको थियो। सोहीअनुसार नेपालले सम्मेलनको पूर्वसन्ध्यामा यही कात्तिक ११ गते मन्त्रिपरिषद् बैठकबाट 'नेपालको राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०)', 'खुद शून्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति' र 'जलवायुजन्य हानी नोक्सानीसम्बन्धी राष्ट्रिय कार्यढाँचा' महत्वपूर्ण कार्ययोजना पारित गरेको थियो। उक्त नीतिगत दस्तावेज र कार्ययोजना अन्तर्राष्ट्रिय समुदायसँग समन्वय, सहकार्य, ज्ञान र सीप आदानप्रदानका लागि सम्मेलनमा समेत उच्च प्राथमिकताका साथ प्रस्तुत गरिएका छन्। साथै वन तथा वातावरण मन्त्रालयले सम्बन्धित क्षेत्रका विज्ञसहितको १० टोली गठन गरी त्यसबाट प्राप्त सुझावका आधारमा नेपालको अवधारणापत्र तयार गरी सम्मेलनमा प्रस्तुत गरेको छ।

# विश्व समाचार

## जलवायु परिवर्तनसम्बन्धी अमेरिका र चीनको घोषणाको राष्ट्रसङ्घद्वारा स्वागत

संयुक्त राष्ट्रसङ्घ, २५ कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले अमेरिका र चीनले जलवायु परिवर्तनका क्षेत्रमा गरेको घोषणाको स्वागत गरेको छ। चीन र अमेरिकाले स्कटल्याण्डको ग्लास्गोमा आयोजना गरेको विश्व जलवायु परिवर्तन सम्मेलनमा जलवायु परिवर्तनको प्रभाव कम गर्ने विषयमा सहकार्य गर्ने घोषणा गरेका थिए।

उक्त सम्झौताको संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले स्वागत गर्नुभएको हो। उहाँले ट्वीटमा लेख्नुभएको छ, जलवायु परिवर्तनको प्रभाव कम गर्ने विषयमा अमेरिका र चीनले आगामी वर्षमा सहकार्य गर्ने भनी गरेको घोषणाको म स्वागत गर्दछु, यसले विश्वमा नै सकारात्मक परिणाम दिने कुरामा म विश्वस्त छु।

हाल सो सम्मेलनको घोषणापत्र तयार भइरहेको छ। त्यसमा भएका सहमतिमा धनी देशलाई गरिब राष्ट्रका लागि सहयोग बढाउन प्रोत्साहन गर्ने बताइएको छ।

उक्त सम्मेलनको सहमतिको मस्यौदा जलवायु परिवर्तनका प्रभाव कम गर्ने कार्यका लागि सहयोग पुग्नेगरी तयार गरिएको बताइएको छ। खासमा ती सम्झौतामा अनुकूलन र आर्थिक पाटोमा केन्द्रित रहने पनि बताइएको छ।

जलवायु परिवर्तनको असर धनी राष्ट्रका कारण उत्पन्न भएको भनिएको छ तर पनि गरिब राष्ट्रलाई धनी राष्ट्रले पर्याप्त योगदान नगरेका कारण यसको प्रभाव कम हुन नसकेको बताउने गरिएको छ।

## बेलायतमा एक दिनमा अझै पनि दैनिक ४० हजार नयाँ सङ्क्रमित

लण्डन, २५ कात्तिक (रासस/सिन्ह्वा)।

बेलायतमा अझै पनि दैनिक झण्डै ४० हजार मानिस कोरोनाभाइरसबाट सङ्क्रमित हुने गरेका छन्।

सरकारी अधिकारीले पछिल्लो एक दिनमा ३९ हजार ३२९ जना नयाँ सङ्क्रमित थपिएको जानकारी दिएका छन्। सोही अवधिमा २१४ जनाको कोरोनाभाइरसकै कारण मृत्यु भएको पनि अधिकारीले बिहीबार जानकारी दिएका छन्।

योसँगै बेलायतमा कोरोनाका कारण अहिलेसम्म मृत्यु भएकाहरुको कुल सङ्ख्या एक लाख ४२ हजार ३३८ पुगेको छ। सङ्क्रमित भएकामध्ये आठ हजार ८५९ जना अस्पतालमा रहेका छन्। सङ्क्रमित अवस्थामै रहेका अरु भने होम आइसोलेसनमै रहेको जनाइएको छ।

देशभरीका १२ वर्षमाथी बढी उमेरका ८७ प्रतिशतले कम्तीमा एउटा खोप लगाइसकेको सरकारी अधिकारीले जनाएका छन्। त्यसैगरी खोप लगाउन मिल्ने कुल जनसङ्ख्याको ७९ प्रतिशतले कोरोनाभाइरस विरुद्धको दुवै खोप लगाएको पाइएको छ।

सरकारी अधिकारीका अनुसार १९ प्रतिशतभन्दा बढी मानिसले तेस्रो खोप अर्थात अतिरिक्त खोप पनि लगाएका छन्। दैनिक यति ठूलो सङ्ख्यामा मानिस सङ्क्रमित भएको देखिएपनि बेलायतको दैनिक जीवन अहिले सामान्य नै रहेको छ।

## संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा म्यानमारको हिंसाप्रति 'गहिरो चासो' व्यक्त

न्युयोर्क, २५ कात्तिक (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले म्यानमारमा हालै जारी रहेको अशान्तिको विषयमा बुधबार 'गहिरो चिन्ता' व्यक्त गरेको छ। परिषद्ले तत्काल हिंसा अन्त्य र नागरिकलाई हानी नपुऱ्याउन सुनिश्चितताको प्रयास गर्न आह्वानसमेत गरेको छ।

सेना र रखाइन राज्यको विद्रोही समूहबीचको झडप भएको परिषद्द्वारा जारी विज्ञप्तिमा जनाइएको छ। "हालको घटनाक्रमले रोहिंग्या शरणार्थीको स्वैच्छिक, सुरक्षित, सम्मानजनक र दिगो फिर्ताको लागि विशेष गम्भीर चुनौती खडा गरेको परिषद्ले चेतावनी दिएको प्रकाशित विज्ञप्तिमा जनाइएको छ।

विद्रोही समूहका प्रवक्ताले यस झडपको जानकारी दिएका थिए। यस झडपको कारण युद्धविरामको तोडिएको छ। फेब्रुअरीमा सैन्य 'कू' पछि पनि म्यानमारको पश्चिम क्षेत्रमा शान्ति कायम राखेको थियो। दक्षिणपूर्वी एसियाली देश गत फेब्रुअरी भएको सैन्य कूपछि उच्चरुपमा अराजकत फैलिएको छ।

सुरक्षा परिषद्का सदस्य 'कोभिड -१९' खोप न्यायसङ्गत, सुरक्षित वितरणको साथै आवश्यकता परेका सबै मानिसलाई सुरक्षित र निर्वाध मानवीय पहुँचको लागि पनि आह्वान गरेका छन्।

उनीहरुले कोरोनाविरुद्धको खोप सबैका लागि पहुँच हुन पर्नेमा जोड दिएका छन्। सुनिश्चितताको लागि थप अन्तरराष्ट्रिय समर्थनका लागि आह्वान पनि गरिएको छ।

# एमालेको पार्टी सदस्यता आठ लाख पुग्यो

काठमाडौँ, २५ (रासस)।

नेकपा (एमाले)को पार्टी सदस्यता सङ्ख्या करिब आठ लाख पुगेको छ। दशौँ राष्ट्रिय महाधिवेशन लक्षित गरी वितरण गरिएको पार्टी सदस्यता सात लाख ८९ हजार ६२० पुगेको एमाले कार्यालय सचिव शेरबहादुर तामाङले जानकारी दिनुभयो।

उहाँकाअनुसार तीमध्ये पाँच लाख ९९ हजार ६२४ जना पुरुष र एक लाख ८८ हजार ९९६ जना महिला रहेका छन्। एमालेको नवौँ महाधिवेशनमा पाँच लाख ९१ हजार सङ्गठित सदस्य रहेको थिए। पार्टीको दशौँ महाधिवेशनमा आइपुग्दा एमालेले एक लाख ९८ हजार सङ्गठित सदस्य थप गरेको छ।

एमालेको दशौँ महाधिवेशन यही मङ्सिर १० देखि १२ गते चितवनमा हुँदैछ। महाधिवेशनमा २०७७ चैतमसान्तसम्म सदस्यता लिएका व्यक्तिले मात्र महाधिवेशनमा प्रतिनिधि चयन हुन पाउनेछन्। एमाले महाधिवेशनका लागि कात्तिक २७ गते शनिबार देशभर एकैसाथ प्रतिनिधि छनोट गर्दैछ। महाधिवेशनमा एक हजार ९९९ जना प्रतिनिधि सहभागी हुनेछन्।

# राष्ट्रपतिको विवरण लिएर १२औँ राष्ट्रिय जनगणना प्रारम्भ

काठमाडौँ, २५ कात्तिक (रासस)।

राष्ट्रपति विद्यादेवी भण्डारीको पहिलो विवरण सङकलन गर्दै बिहीबारबाट देशभर १२औँ राष्ट्रिय जनगणना प्रारम्भ भएको छ।

शीतल निवासस्थित राष्ट्रपति कार्यालयमा तथ्याङ्क विभागका गणकहरू पुगेर राष्ट्रपतिको पारिवारिक तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय जनगणना- २०७८ को प्रारम्भ गरिएको हो।

तथ्याङ्क विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले राष्ट्रपति भण्डारीको पहिलो तथ्याङ्क लिएर राष्ट्रिय जनगणना- २०७८ को औपचारिक शुभारम्भ गरिएको बताउनुभयो।

उहाँका अनुसार राष्ट्रपतिलाई जनगणनाको तथ्याङ्कमा रहेका ८० वटा प्रश्न सोधिएको थियो। तथ्याङ्क विभागका अनुसार राष्ट्रपतिपछि बिहीबारै प्रधानमन्त्री शेरबहादुर देउवाको पारिवारिक तथ्याङ्क सङ्कलन गरिने छ। यसरी बिहीबारबाट देशभर राष्ट्रिय जनगणना- २०७८ सुरु भएको छ।

### संघीयतालाई जोगाउन...

प्रसाद यादव, बलान विहुल गाउँपालिकाकी उपाध्यक्ष रुबी गुप्ता, तिलाठी कोइलाडी गाउँपालिकाकी उपाध्यक्ष सुजिता यादव लगायतले शुभकामनासहित आ-आफनो मनतव्य व्यक्त गरेका थिए।।

सञ्चारकर्मी शुभनारायण यादवले सञ्चालन गरेको कार्यक्रममा विद्यानन्द रामले स्वागत गरेका थिए।

### १५ डिएसपीका ...

डिल्लीनारायण पाण्डेलाई सरुवा गरिएको छ।

यस्तै प्रहरीवृत्त दरबारमार्गमा विश्वराज खड्का, प्रहरीवृत्त जगाती भक्तपुरमा रामबहादुर केसी, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा रामहरि पाण्डेलगायत अन्य प्रहरी नायब उपरीक्षकलाई विभिन्न जिल्ला तथा प्रदेश प्रहरी कार्यालयमा सरुवा गरिएको छ।

# जनगणना कार्यक्रममा सही विवरण टिपाएर सहयोग गर्न मुख्यमन्त्री राउतको आह्वान

वीरगञ्ज, २५ कात्तिक (रासस)।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले १२ औं राष्ट्रिय जनगणना कार्यक्रममा सही विवरण टिपाएर सहयोग गर्नुहुन सबै प्रदेशवासीमा अनुरोध गर्नुभएको छ।

मुख्यमन्त्री राउतले बिहीबार जारी गर्नुभएको सन्देशमा जनगणना लिनआउने सुपरीवेक्षक वा गणकलाई सही विवरण टिपाउँ। आउने गणकलाई आत्मीय व्यवहार गरौं। उहाँहरूले सोधेका सबै प्रश्न धैर्यतापूर्वक सुनेर सही जवाफ दिन सबै प्रदेशवासी दाजुभाइ दिदीबहिनीलाई हार्दिक अनुरोध गर्दछु उल्लेख छ।

केन्द्रीय तथ्याङ्क विभागले यस जनगणनाको नारा 'मेरो गणना मेरो सहभागिता' राखेको छ। यो नारालाई सार्थक बनाउन सम्पूर्ण' प्रदेशवासी दाजुभाइ दिदीबहिनीले जनगणनालाई अपनत्व लिएर गणकलाई सही विवरण टिपाएर सहयोग गर्नु हुन प्रदेश सरकार पुनःसम्पूर्ण प्रदेशवासीलाई हार्दिक अनुरोध गर्दछ, उहाँले सन्देशमा उल्लेख गर्नुभएको छ।

उहाँले सन्देशमा भन्नुभएको छ, "जनगणना तथ्याङ्क सङ्कलनको पहिलो चरणअन्तर्गत भदौदेखि असोज १८ सम्म तपाई हाम्रो घरदैलोमा आई घर तथा घरपरिवार सूचीकरण कार्य सम्पन्न गरेको हामी सबैलाई जानकारी नै छ। यसैगरी कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म गणक पारिवारिक र व्यक्तिगत विवरण लिन घर-घरमा आउँदै हुनुहुन्छ। जनगणनामा गणकले सोधेका प्रश्नको सही उत्तर दिउँ।" उहाँले सन्देशमा तपाईले टिपाएका तथ्याङ्क गोप्य रहन्छन्। यस्ता विवरण गोप्य नराख्ने वा गोपनीयता भङग गर्ने जोकोहीलाई कानुन बमोजिम कारबाही हुन्छ। त्यसैले आफूले टिपाएको विवरणको गोपनियता नरहने हो कि भनेर कसैले द्विविधा लिनुपर्दैन भन्नुभएको छ।

राज्यको पुनःसंरचनापछि अर्थात देशले सङ्घीय शासन प्रणाली अङ्गाले पछिको यो पहिलो जनगणना हो। त्यस कारण पनि यस पटकको जनगणनाको खास महत्व छ। अझ प्रदेश भनेको सङ्घीयताले जन्माएको नयाँ प्रणाली हो। प्रदेशमा आधारित भएर हालसम्म यति ठूलो कुनै पनि अध्ययन अनुसन्धान भएको छैन। विसं २०७२ मा संविधान जारी भएसँगै प्रदेशको स्थापना भए पनि हाम्रो आफ्नै तथ्याङ्क थिएन। २०६८ सालमा राज्यको पुरानो संरचना अन्तर्गत गरिएको जनगणनाका तथ्याङ्कलाई नै हामीले उपयोग गरेर यहाँसम्म आइपुगेका छौं। तर यसपाली जनगणनाले नेपालमा पहिलो पटक प्रादेशिक मोडलमा आधारित जनसङ्ख्या तथ्याङ्क उपलब्ध गराउनेछ जुनखुशीको कुरा हो, उहाँले सन्देशमा उल्लेख गर्नुभएको छ।

हाम्रो प्रदेशको जनसङ्ख्या कति छ ? कुनकुन जात जातिका मानिको बसोबास छ ? कुनधर्म र संस्कृतिका मानिस कति छन ? कुन भाषा बोल्ने मानिसको बाहुल्यता छ ? सामाजिक वहिष्करणमा परेका समूह दलित, जनजाति, अल्पसङ्ख्यक, लोपोन्मुख, महिला, अपाङ्गता भएका व्यक्ति आदिको जनसङ्ख्याको अवस्था के छ भन्ने कुरा जनगणनाले छर्लङ्ग पार्दछ। जनगणनाबाट आउने यही तथ्याङ्कलाई आधार बनाएर सम्बन्धित जाति, धार्मिक समुदाय, महिला वा अपाङ्गता भएका व्यक्तिका लागि प्रदेश सरकारले नीति र कार्यक्रम बनाउँदछ, सन्देशमा उहाँले भन्नुभएको छ।

मुख्यमन्त्री राउतले आफूले टिपाएको सही तथ्याङ्कले आफनै लागि प्रदेश सरकारलाई योजना बनाउन सजिलो हुनेछ भन्ने कुरा सबैले बुझ्नुपर्दछ भन्नुभयो। यस पटकको जनगणनामा रोजगार, बेरोजगार, बैंक तथा वित्तीय संस्थामा पहुँचको अवस्था, सरकारी अनुदान प्राप्त गरेको नगरेको, वडातहसम्म सामुदायिक भवनको अवस्था के कस्तो छ जस्ता मसिना तर नागरिकका लागि अति महत्वपूर्ण विषयका प्रश्नावली पनि समेटिएको छ। जारी सन्देशमा उल्लेख छ।

# साडीमा आगो लागेपछि व्रतालु महिला सख्त घाइते

जलेश्वर, २५ कात्तिक (रासस)।

महोत्तरीको सदरमुकाम जलेश्वरको साहुजीपट्टीस्थित छठघाटमा छठपर्व मनाउने क्रममा साडीमा आगो लाग्दा एक व्रतालु महिला सख्त घाइते हुनुभएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार गएराति १० बजे छठघाटमा पूजाको दिप प्रज्ज्वलन गर्ने क्रममा जलेश्वर नगरपालिका- ६ बस्ने ८८ वर्षीया फूलकुमारी कर्णको साडीमा आगो सल्किएकाले उहाँ सख्त घाइते हुनुभएको थियो।

आगोले उहाँको महिलाको हात, खुट्टा र शरीरका विभिन्न भागमा पोलेकाले उपचारका लागि तत्काल जलेश्वर जिल्ला अस्पताल लगिएकामा थप उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पताल पठाइएको थियो। त्यहाँ पनि उपचार सम्भव नभएकाले नै काठमाडौँ पठाइएको प्रहरीले जनाएको छ।





अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np